बैठक नं.

आज मिति २०७८/०२/२१ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

| क.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | छविलाल नेपाली | सचिव | |
| | **सहयोगी कर्मचारी** | | |
| १. | बालकृष्ण महतारा | ईन्जिनियर | |
| २. | सुदिपसिंह सुनार | लेखा अधिकृत | |
| २ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ३ | राजेन्द्र टमटा | का. स. | |

## प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं. ०१

प्रस्ताव नं.०१ मा छलफल गर्दा देशमा पुनः फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को सङ्क्रमण र महामारीका कारण आधारभूत तह (कक्षा-८) को लिखित परीक्षा प्रत्यक्ष उपस्थितिमा सञ्चालन हुनसक्ने अवस्था नदेखिएको र चालु शैक्षिक सत्रको अन्त्यसम्ममा महामारी कायम रहने अवस्था देखिएको हुँदा विद्यार्थीहरुको शैक्षिक सत्र तथा स्वास्थ्य सुरक्षा समेतलाई मध्यनजर गरी सम्बन्धित विद्यालयबाट विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण (स्तरीकरण) गर्ने, नतिजा प्रकाशन गर्ने र प्रमाणपत्र प्रदान गर्ने कार्यलाई थप व्यवस्थित गर्न आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ०२

प्रस्ताव नं. ०२ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय कोहलपुरको हाता भित्र रहेको महिला थुनुवाको लागि सुविधा सम्पन्न महिला थुनुवा कक्ष निर्माणको लागि ईलाका प्रहरी कार्यालयबाट अनुरोध भई आएकोमा उक्त कार्यालयमा थुनुवा कक्ष निर्माणको लागि आ.व.२०७८/०७९ को बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ०३

प्रस्ताव नं.०३ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका वडा नं. ३ स्थित श्री जनता मा. वि. मैटहवामा नगर अनुदानबाट प्रदान गरिने आधारभूत तहको शिक्षकको दरवन्दीमा उक्त विद्यालयबाट कम्प्युटर शिक्षकको लागि माग सहित र नगर शिक्षा, युवा तथा खेलकुद शाखाको समेत सिफारिस भई आएकोले सो विद्यालयमा कम्पुटर शिक्षकको राख्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०४

प्रस्ताव नं. ०४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाबाट कोभिड-१९ दोश्रोको औषधी खरिद र वडा नं. ५ र १२ का स्वास्थ्यकर्मीहरुको फेरवदल सम्बन्धमा छानविन गरि निष्पक्ष प्रदिवेदन गर्न तपशिलको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री कर्णबहादुर थापा - संयोजक
२. श्री निम वहादुर चलाउने - सदस्य
३. श्री लिला पाण्डे - सदस्य

निर्णय नं. ०५

प्रस्ताव नं. ०५ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका अन्तर्गत सशर्त अनुदान तर्फ, समपुरक अनुदान, विशेष अनुदान, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संसद विकास कोष), सडक बोर्ड तथा गत आर्थिक वर्ष र चालु आर्थिक वर्ष ०७७/७८ मा सम्झौता भएका योजना तथा कार्यक्रमहरु निर्माण व्यवसायी र उपभोक्ता समितिले तोकिएको समयावधिमा सम्पन्न गर्न नसकेमा आगामी आर्थिक वर्षमा नगरपालिकालाई आर्थिक दायित्व सिर्जना हुने गरी म्याद थप नगर्ने निर्णय गरियो ।

निर्णय नं. ०६

प्रस्ताव नं.०६ मा छलफल गर्दा नगरपालिकाले योजना अनुगमन तथा मुल्याङ्कनको कार्यको योजना अनुगमन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ०७

प्रस्ताव नं. ०७ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको नवौं नगरसभा २०७८/०३/०७ गते कोहलपुर नगरपालिकाको नगरसभाहलमा गर्ने निर्णय गरियो ।